जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | **राजविराज दैनिक** | स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ | अंक १०० | २०८१ साल कात्तिक २९ गते बिहीबार (14 Nov. 2024 Thursday) | मूल्य रु. ५/-

## डेंगुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ऊर्जामैत्री भवन निर्माणमा नीतिगत ३ पृष्ठमा : मधुमेहपीडितमा डायबेटिक ... ३ पृष्ठमा : किएभमा रूसी क्षेप्यास्त्र आक्रमणको...

# छिन्नमस्ता वडा नं. ४ बालविवाह मुक्त वडा घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ४ लाई बुधबार एक कार्यक्रमबीच बालविवाह मुक्त वडा घोषणा गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सभा सदस्य एवं पूर्व कृषिमन्त्री गोबिन्द न्यौपानेले बालविवाह मुक्त वडा

***बाँकी अन्तिम पृष्ठमा***

# तीन दिनमा २१ जना फरार अभियुक्त पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ कात्तिक ।**

सप्तरी प्रहरीले तीन दिनमा २१ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

प्रहरीले फरार अभियुक्तमाथी कडा निगरानी र अनुसन्धान बढाएसगैं विभिन्न अपराधका अभियक्त पक्राउ पर्ने क्रम बढेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले पक्राउ परेका सबै जनालाई बुधवार सार्वजनिक गरेको छ । पछिल्लो तीन दिन यता पक्राउ पर्नेहरुमा कुटपिटका सर्वाधिक १२ जना छन । यस्तै लुटपीट र चोरीका २/२ तथा जबरजस्ती करणी, जालसाजी, गाली बेइजत, सवारी ज्यान, ज्यान मार्ने उधोगका १/१ अभियुक्त रहेका छन ।

अपराध घटनाको अनुसन्धान तथा अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा फरार भइ लुकिछिपी बसेकाहरु




सुराकी र निगरानी बढाएसगैं धमाधम पक्राउ पर्न थालेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

यसरी पक्राउ परेकाहरबाट ५ वर्ष ६ महिना कैद सजाय वसुलका लागी कारागार चलान गरिएको छ भने १ लाख २४ हजार १ सय ५० रुपैया जरिवाना समेत असुल गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

विगतका वर्षहरु भन्दा यो वर्ष फरार अभियुक्तको सूचीमा रहेका धेरै व्यक्ती पक्राउ परेको प्रहरी तथ्याँकले देखाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले यस अघि चालु आव २०८१/०८२ को असोज देखी कार्तिक १७ सम्म (जम्मा ३० दिन) एक महिनाको सार्वजनिक मासिक प्रतिवेदनमा ६६ जनालाई पक्राउ गरेको उल्लेख

***बाँकी अन्तिम पृष्ठमा***

# सबै जिल्ला पूर्ण खोप

काठमाडौं, २८ कात्तिक (रासस) ।

देशका ७७ जिल्ला नै पूर्ण खोप घोषणा भएका छन् । पछिल्लो पटक नुवाकोट पूर्ण खोपयुक्त जिल्ला घोषणा भएको हो ।

स्वास्थ्य सेवा विभागको बाल स्वास्थ्य तथा खोप शाखाप्रमुख डा अभियान गौतमले ती सबै जिल्लाका दुई वर्षमुनिका शत्प्रतिशत बालबालिकाले सरकारले उपलब्ध गराएको खोप लगाएपछि पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिएको बताउनुभयो । नेपालमा पहिलोपटक अछाम र पाल्पा पूर्ण खोप जिल्ला घोषित भएका थिए ।

"हामीले जन्मेदेखि बालबालिकालाई १५ महिनासम्म विभिन्न खोपका १८ मात्रा दिने गर्दछौं", उहाँले भन्नुभयो, "ती खोप सबै बालबालिकाले खोप पाएपछि ती जिल्लालाई पूर्ण खोप जिल्ला घोषणा गर्दछौं ।" सरकारले जन्मिनेबित्तिकै क्षयरोग विरुद्धको बिसिजी खोप लगाउने गर्दछ ।

यस्तै, छ हप्ता र १० हप्तामा दुईपटक रोटा भाइरस, पोलियो भाइरस, निमोनिया, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस-बी इन्फ्लुएन्जा-बी लगायतका रोगविरुद्ध क्रमशः रोटा, पोलियो, पिसिभि, डिपिटी र हेप बी-हिब खोप लगाउने गरिन्छ । चौध हप्तामा पोलियो, भ्यागुते रोग, लहरे खोकी, धनुष्टङ्कार, हेपाटाइटिस-बी इन्फ्एन्जा-बी विरुद्धका खोप क्रमशः पोलियो विरुद्धको खोप, एचआइपिभी, डिपिटी र हेप बी-हिब खोप लगाउने गरिन्छ ।

नौ महिनामा पोलियो, दादुरा र रुबेला तथा निमोनिया विरुद्धको खोप क्रमशः एफआइपिभी, दादुरा तथा रुबेला विरुद्धको खोप र पिसिसी खोप तथा १२ महिनामा जापानिज इन्सेफ्लाइटिस् विरुद्धको खोप तथा १५ महिनामा दादुरा र रुबेला तथा टाइफाइड विरुद्धको खोप दिने गरिन्छ ।

खोप शाखा प्रमुख गौतमले शिशुलाई जन्मेदेखि १५ महिनासम्म दिइन नसकेको खोप १६ महिनादेखि २३ महिनाभित्र दिइने बताउनुभयो । उहाँका अनुसार सबै जिल्ला पूर्ण खोप घोषित गरे पनि जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ ले अझै पनि १२ देखि २३ महिनासम्ममा चार प्रतिशत बालबालिकाले कुनै खोप नपाएको उल्लेख गरिएको छ । उहाँले १६ देखि २३ महिनासम्म पनि खोप नलगाएका बालबालिकालाई पाँच वर्षसम्म पनि खोप लगाइने बताउनुभयो ।

# बैङ्किङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ कात्तिक ।**

बैङ्किङ कसुर मुद्दाको फरार प्रतिवादी दिव्य श्रेष्ठ ललितपुरको जावलाखेलबाट पक्राउ परेका छन् । धनुषाको जनकपुर उपमहानगरपालिका-९का ३७ वर्षीय श्रेष्ठलाई उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

उच्च अदालत पाटनले अघिल्लो असार ३ गते निजलाई बैंकिङ कसूर मुद्दामा दुई महिना कैद, बिगो रु दुई करोड ५० लाख जरिवाना र क्षतिपूर्तिबापत पीडित राहतकोषमा रु १० लाख जम्मा गराउने ठहर गरेको थियो । फैसलालगत्तै उनी फरार भएका थिए ।

प्रतिवादी श्रेष्ठलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत ललितपुर लगनखेल पठाइएको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए ।

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्थाइम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल वमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुवाट मिति **२०८१ मंसिर ६ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | कामगर्ने स्थान | संख्या | न्यूनतमयोग्यता |
|---|---|---|---|
| लेखापाल | वीरगंज | १ | एकाउण्ट विषयलिइ स्नातक |
| कानउपचार कार्यकर्ता | गौर/राजविराज | २ | CMA |

**द्रष्टव्य:**
१. दरखास्त वुझाउनु पर्ने स्थान: इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक वहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपालका नउपचार केन्द्र गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कानउपचार केन्द्र मलेठ राजविराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com मार्फत पनि पठाउन सकिने छ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्ने छ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइने छ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुने छ ।

## सम्पादकीय

### स्वास्थ्यप्रति सरकार गम्भिर बन

विभिन्न प्रकारका रोगका कारण अस्पतालमा भर्ना भएका गरिब विपन्नहरु आर्थिक अभावमा मर्नसमेत विवश हुन्छन् । अहिले स्वास्थ्य सेवा अत्यन्तै महँगो हुन पुगेको छ । जसकारण सर्वसाधारण नागरिकहरु प्रताडित छन् । केही बिचौलियाहरुले स्वास्थ्य र शिक्षालाई आमनागरिकको पहुँच भन्दा निकै टाडा पुऱ्याएको अवस्था छ । हाम्रा शासक तथा राजनीतिक नेतृत्वको नालायकीपनका कारण संविधानको मौलिक हकमा व्यवस्था गरिएका कैयौं धाराहरु निलम्बनजस्तै बनेका छन् । अहिले पनि मुलुकमा गरिबीको रेखामुनि रहनेहरुको संख्या दिनानुदिन बढ्दो छ ।

राजनीति र प्रशासनको मिलिभगतमा भित्रभित्रै नीतिगत भ्रष्टाचार अत्यधिक मौलाइरहेको छ । अहिले मुलुकमा संघीय, प्रदेश र स्थानीय गरी तीनवटा सरकार भए पनि संघीय र प्रदेश सरकार कहाँ छ भन्ने बारेमा आमजनताले कुनै भेउ पाइरहेका छैनन् । यदि सरकार वास्तविकरुपमा भइदिएको भए त जनताले चर्को मूल्यवृद्धिको पीडा सहन पर्दैनथ्यो । सिटामोल र जीवनजलको अभावमा अकाल मृत्युवरण गर्नुपर्दैनथ्यो । सुलभ स्वास्थ्यको अभावमा रोग र शोक लिएर बस्नुपर्दैनथ्यो। मलको अभावमा किसानहरु छटपटाउनु पर्दैनथ्यो ।

गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, रोजगारी र सामाजिक सुरक्षाको उचित प्रबन्ध हुन्थ्यो । आमजनतामा निराशा र आक्रोश चुलिन पुगेको छ । तसर्थ अब पनि प्रमुख राजनीतिक दल शासक र प्रशासकहरुले गम्भिरतापूर्वक सोच्नै पर्ने भएको छ । आफ्नो व्यक्तिगत स्वार्थलाई त्यागी देश र जनताको हितमा काम गर्नु पर्ने कुरालाई आत्मसाथ गर्नु आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# ऊर्जामैत्री भवन निर्माणमा नीतिगत प्रस्थान

काठमाडौं, २७ कात्तिक (रासस) ।
जाडोयाम सुरु हुन लागेसँगै चिसोबाट बच्न घर, कार्यालय वा अन्य व्यावसायिक भवन तातो राख्न ऊर्जाको खपत बढी हुने गर्दछ । जलवायु परिवर्तनका कारण बर्सेनि गर्मीमा अत्याधिक गर्मी र जाडोमा पनि निकै जाडो हुने क्रम बढ्दै गर्दा जनजीवन कष्टकर हुने गरेकाले मानिसले अधिकांश समय बिताउने घर, कार्यालय वा व्यावसायिक भवन जलवायुमैत्री हुनुपर्ने आवश्यकता महसुस हुन थालेको छ ।

विश्वव्यापी रुपमै यस्ता जलवायुमैत्री तथा हरित भवनहरूको निर्माण हुने क्रम बढेसँगै नेपालमा पनि यसतर्फ ध्यान दिनु जरुरी ठानिएको छ । नेपालमा नमूनाको रूपमा केही भवन निर्माण भए पनि अझै सरकारी तर्फबाट आवश्यक नीतिगत व्यवस्था, संस्थागत संरचना र जनस्तरमा प्रचारप्रसारको अभावमा त्यस्ता भवनहरूको निर्माण हुन सकेका छैनन् । अजरवैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन भइरहँदा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै सहज जीवनयापनमा विश्वका लागि ऊर्जामैत्री भवन निर्माणको बारेमा पनि बहस हुन आवश्यक छ । दिगो विकास लक्ष्य अनुरुप न्यून कार्वन उत्सर्जनका लागि यो भरपर्दो माध्यम हुने भएकाले विज्ञहरू नीगित व्यवस्थाको लागि ठोस् निष्कर्षमा पुग्ने अपेक्षा गरिएको छ ।

सामान्यतः एकपटक निर्माण गरिएका घर कम्तीमा एक पुस्ताभन्दा बढीले उपभोग गर्ने हुँदा त्यस्ता स्थायी संरचना निर्माण गर्दा जलवायु अनुकूल बनाउन आवश्यक हुन्छ । भवन निर्माण गर्दा राष्ट्रिय भवनसंहिता अनुकूल हुनुपर्ने कानुनी व्यवस्था रहे पनि त्यससँगै जलवायुमैत्री बनाउनेतर्फ पनि ध्यान दिन उत्तिकै आवश्यक रहेको विज्ञहरूको भनाइ छ । गोरखा भूकम्पपछि भवन संहिताको कार्यान्वयनतर्फ ध्यान गए पनि त्यसपछि निर्माण गरिएका सरकारी, निजी वा व्यावसायिक भवन जलवायुमैत्री नहुँदा बस्नयोग्य देखिँदैनन् ।

तराई, पहाड र हिमाली क्षेत्रमा निर्माण गरिएका भवन एकैखालका हुँदा स्थानीय जलवायु अनुकूल नभएकाले भवनभित्रको तापक्रम अनुकूल नभएको मात्र होइन, उज्यालो र कोठा तताउन दाउरा, विद्युतीय वा एलपी ग्यास प्रयोग हुने हिटर, एसी वा चिस्याउन एसी, कुलर आदिको अधिक प्रयोग गर्नुपर्ने अवस्था छ ।

**स्थानीय तह अगाडी**

ऊर्जा दक्षतायुक्त भवन निर्माणमा सङ्घीय र प्रदेश सरकारभन्दा स्थानीय तह अगाडि बढेको छ । हालसम्म विभिन्न १२ वटा स्थानीय तहले ऊर्जा दक्षतायुक्त भवन निर्माणसम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा गरी आफ्नो पालिकालाई ऊर्जामैत्री मात्र बनाएका छैनन्, सङ्घीय सरकारलाई पनि उपयुक्त कानुनी संरचना तयार गर्न दबाब दिएका छन् । हालसम्म पोखरा महानगरपालिका, कार्मेको धुलिखेल नगरपालिका, काठमाडौंको चन्द्रागिरि नगरपालिका, दाङको घोराही उपमहानगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिका, रामेछापको मन्थली नगरपालिका र मुस्ताङको बारागाउँ मुक्तिनाथ गाउँपालिकाले ऊर्जा दक्षतायुक्त भवन निर्माणसम्बन्धी अलगै कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन् ।

त्यस्तै भक्तपुरको चाँगुनारायण नगरपालिका, हेटौंडाको हेटौंडा उपहानगरपालिका र मनहरि गाउँपालिका, दोलखाको भीमेश्वर नगरपालिका र बर्दियाको ठाकुरबारा नगरपालिकाले भने कार्यविधि बनाइ ऊर्जा प्रभावकारी भवनसम्बन्धी प्रावधान समेटेर त्यसअनुसार ऊर्जा दक्ष भवन मापदण्ड २०८० कार्यान्वयनमा ल्याएका छन् । पालिकामा भवन निर्माण गर्न सुरु गरेका छन् । अन्य केही पालिकाहरूले पनि कानुन तथा मापदण्ड तयार गर्ने क्रममा रहेका छन् । धुलिखेल नगरपालिकाले ऊर्जा दक्षतासम्बन्धी नीतिसमेत ल्याएको छ भने नगरपालिकालाई जिरो कार्बन, अपाङमैत्री, हरित ऊर्जायुक्त हरित एवं स्वस्थ्य सहरको रूपमा विकास गर्न लागेको जनाएको छ ।

नगरपालिकाले यसै मापदण्डअनुसार वडा नं ३ को वडा भवन ऊर्जामैत्री बनाउन सुरु गरिसकेको छ । पोखरा महानगरपालिकाले केही महिनाअघि ऊर्जा दक्ष भवन मापदण्डलाई पारित गरेको थियो । बढ्दो सहरीकरण र जनसङ्ख्याको चापलाई मध्यनजर गर्दै पोखरा महानगर क्षेत्रभित्र गरिने निर्माणसम्बन्धी मापदण्डलाई समय सापेक्षरूपमा परिमार्जन तथा संशोधन गर्ने क्रममा महानगरपालिका १३औं नगरसभाबाट मापदण्ड लागू गर्ने निर्णय गरेको थियो ।

सरकारले सुरुमा सरकारी भवनहरू निर्माणमा यो प्रविधि लागू गरेको र क्रमशः निजी घर निर्माण गर्नेहरूलाई पनि समेट्ने जनाएको छ । ललितपुर महानगरपालिकाले पनि केही महिनाभित्रै भवनको ऊर्जा दक्षतासम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने भएको छ । भवन निर्माणमा विद्यमान प्रविधि तथा अभ्यासलाई ऊर्जा प्रभावकारी तथा वातावरणमैत्री बनाउने गरी मापदण्ड ल्याउने गरी महानगरपालिकाकाले गृहकार्य गरेको छ । सुरुमा सरकारी तथा संस्थागत भवनको हकमा अनिवार्य तथा व्यक्तिगत भवनको हकमा ऐच्छिक रूपमा लागू हुने बताइएको छ ।

यता काठमाडौं महानगरपालिकाले पनि छिट्टै ऊर्जा दक्ष भवन मापदण्ड ल्याउने तयारी गरिरहेको छ । काठमाडौंजस्तो घनावस्ती रहेको सहरको भौगोलिक, सांस्कृतिक र ऊर्जाको बढी खपत हुने महानगरपालिकामा हरित भवनको महत्व झन धेरै रहेकाले भवन निर्माण मापदण्डमा ऊर्जा प्रभावकारिता कायम गर्ने गरी नयाँ प्रावधान समावेश गर्ने जनाइएको छ । यसरी विभिन्न स्थानीय तहहरूले ऊर्जा दक्षताबारे मापदण्डलाई कार्यान्वयनमा ल्याउन थालेका छन् । न्यून तापक्रम हुने उच्च हिमाली वा पहाडी क्षेत्रमा निर्माण भएका भवनलाई तताउन र तराई क्षेत्रमा निर्माण भएका भवनलाई चिसो बनाउनको लागि अधिक ऊर्जा खपत हुने गरेको हुँदा घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रमअनुसार डिजाइन गरिनुपर्ने हुन्छ ।

**केही कानुनी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) देहाय ६. को (५) सङ्घीय तथा प्रदेश कानुनको अधिनमा रही सहरी विकास, वस्ती विकास र भवनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, पहिचान, अध्ययन, कायान्वयन र अनुगमन गर्न सकिने व्यवस्था छ । ऐनमा राष्ट्रिय भवनसंहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन गर्ने तथा राष्ट्रिय भवन संहिताभित्र रही थप मापदण्डहरू (उचाइ, सेटब्याक, छत, मोहडा, निर्माण सामग्रीको प्रकार, महत्वपूर्ण बस्ती वा भवनका लागि रंग वा कालिगढ) लागू गर्न सकिने व्यवस्था छ ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा भौतिक पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माण गरिने उल्लेख छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने भवन निर्माणमा जलवायु अनुकूलन तथा ऊर्जा दक्षता अभिवृद्धिमा जोड दिइएको छ । १६औं पञ्चवर्षीय योजनाले पनिः हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रमअन्तर्गत बैंक तथा वित्तीय संस्थालाई हरित परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने, निजी आवास, उद्योग व्यवसायमा ऊर्जा दक्षता बढाउनुको साथै कार्बन उत्सर्जन कम गर्न तथा अनुकूलता बढाउनका लागि लगानीमा सहुलियत प्रदान गर्ने उल्लेख छ । हरित तथा दिगो भवनमा मोहडा, ऊर्जा दक्षता, निर्माण सामग्री, नवीकरणीय ऊर्जा, आकासे पानीको व्यवस्थापन, फोहरमैलाको उचित व्यवस्थापन र घरभित्रको वायुको गुणस्तरमा ध्यान दिइएको हुन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार वर्षमा करिब एक लाख २० हजार नयाँ घर बन्ने गरेको सन्दर्भमा अब बन्ने जस्तोसुकै घर वा भवन ऊर्जा दक्षतायुक्त हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । केही स्थानीय तहहरूले यससम्बन्धी मापदण्ड तयार गरी लागू गरे पनि सहरी विकास मन्त्रालयले राष्ट्रियस्तरमै ठोस नीति नियम र मापदण्ड तर्जुमा गर्नुपर्ने देखिन्छ । यसमा तीनै तहका सरकारको भूमिका महत्वपूर्ण रहन्छ । तीनै तहका सरकारहरूबीच समन्वय भई ऊर्जा दक्षताको विषयलाई नीतिगत रुपमै व्यवस्था गरी कुनै पनि भवन निर्माण गर्ने संरचना विकास गर्नु आवश्यक छ ।

**बीन परियोजना कार्यान्वयन**

घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रमअनुसार डिजाइन गरिनु आवश्यक हुन्छ । ऊर्जाको दक्षतापूर्ण प्रयोग बढाउन निर्माण हुने घर तथा भवन डिजाइनमा ध्यान दिनुपर्ने एक अध्ययनले देखाएको छ । युरोपियन युनियन अन्तर्गत स्वीच एसिया कार्यक्रमको अनुदानमा बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बीन) द्वारा घर तथा भवन निर्माणमा हुने ऊर्जा खपतबारे गरिएको अध्ययन प्रतिवेदनमा ऊर्जामैत्री भवन बनाउन सकिएमा आर्थिक, वातावरणीय र स्वास्थ लाभ लिन सकिने उल्लेख छ ।

यसमा बढ्दो सहरीकरण र बजार माग अनुसार भवनको डिजाइन कसरी गर्नेदेखि स्थानीय जलवायु, बढ्दो ऊर्जा खपतलगायतलाई विषयलाई समेटिएको छ । परियोजनाले ऊर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गर्न वित्तीय स्रोतमा पहुँच पुऱ्याउने उद्देश्यले वाणिज्य बैंकहरूसँगको साझेदारीमा वित्तीय साधनको विकास गरी ऊर्जा प्रभावकारी भवन निर्माण क्षेत्र र वाणिज्य बैंकहरूबीच सम्बन्ध स्थापना गरेको छ । त्यस्तै ३२ वटा पालिकालाई मापडण्ड निर्माण गर्न आवश्यक प्राविधिक सहयोग गरेअनुसार हालसम्म १२ वटा पालिकाले कार्यविधि र कानुनको तर्जुमा गरिसकेका छन् भने बाँकी पालिकाहरूले पनि गृहकार्यमा गरिरहेका छन् ।

मार्च २०२२ देखि फेब्रुअरी २०२६ सम्म कार्यान्वयनमा रहने यस कार्यक्रमले हालसम्म सार्वजनिक १९ र निजी एक सय नौवटा समेत गरी एक सय २८ वटा ऊर्जा दक्षतायुक्त भवन निर्माणमा प्राविधिक सहयोग गरिसकेको छ । ती भवनहरू ललितपुर, धुलिखेल, पोखरा, बुटवल, भरतपुर, नेपालगञ्ज र तुल्सीपुरमा निर्माण भएका हुन् । साथै, ३२ वटा पालिकालाई मापडण्ड निर्माण गर्न आवश्यक प्राविधिक सहयोग गरेको छ ।

एकातिर दिगो विकास लक्ष्य अनुरुप न्यून कार्वन उत्सर्जन गर्ने ऊर्जा प्रभावकारी भवन निर्माण गर्न आवश्यक छ भने दिगो विकास लक्ष्य हासिल गर्न जलवायु परिवर्तनका नकारात्मक असरलाई न्यूनीकरणका लागि पनि ऊर्जा दक्षतायुक्त भवन निर्माणमा जानै पर्ने देखिन्छ । कुनै परियोजनाले गर्ने भनेको यसको सम्भावनाको खोजी गर्ने, प्राविधिक र आर्थिक सहयोग गरी नमूना प्रस्तुत गराउनेसम्म मात्रै हो, बाँकी त्यसलाई नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने भनेको सरकार र समुदायमै निर्भर हुने गर्दछ ।

# मधुमेहपीडितमा डायबेटिक रेटिनोपेथीको जोखिम

**बुनु थारु**

काठमाडौं, २६ कात्तिक (रासस) । अस्वस्थ्य जीवनशैलीका कारण मधुमेहपीडितको सङ्ख्या बढिरहेको छ । नसर्ने रोगमध्येको एक मधुमेहपीडितमा ‘डायबेटिक रेटिनोपेथी’को जोखिम पनि उत्तिकै हुने रहेको चिकित्सकले बताएका छन् ।

डायबेटिक रेटिनोपेथी आँखाको दृष्टि पर्दा (रेटिना) मा आउने समस्या हो । तिलगङ्गा आँखा प्रतिष्ठानकी रेटिना विशेषज्ञ डा रवा थापाका अनुसार मधुमेहका कारण आँखाको पर्दामा हुने असर नै डायबेटिक रेटिनोप्याथी हो ।

उहाँ भन्नुहुन्छ, “रगतमा सुगरको मात्रा धेरै हुँदा आँखाका पर्दाको रक्त नशाहरुमा यसले असर गर्दै जान्छ त्यसो हुँदा रक्तश्राव हुने, पर्दामा चिल्लो निस्किने, रगत जम्ने, पछि रक्त सञ्चालनमा कमी हुनुका साथै उपचार समयमा नभए पर्दा खुम्चिएर दृष्टि सधैँका लागि गुम्ने खतरा पनि हुन्छ ।” लामो अवधिसम्म रगतमा चिनीको मात्रासँगै चिल्लोपन बढ्दै जाँदा रेटिनाको स-साना रक्तनलीमा असर पुऱ्याउने गर्दछ । उक्त रक्तनलीबाट बोसो, रगत र तरल पदार्थ चुहावट हुँदा रेटिना सुन्निएर दृष्टि धमिलो हुने र रेटिना खुम्चिएर दृष्टि गुम्न सक्ने उहाँको भनाइ छ ।

अन्तर्राष्ट्रिय मधुमेह सङ्घका अनुसार विश्वभरका २० देखि ७९ वर्ष उमेर समूहका १० दशमलव पाँच प्रतिशत वयस्क जनसङ्ख्यामा मधुमेह हुनसक्ने भए त्यसमध्यको आधा जनसङ्ख्या मात्र यसबारे जानकार छन् ।

चिकित्सकका अनुसार यो समस्याले आँखाको अगाडि कालो थोपा (भुसुना) जस्तो देखिने, छायाँ जस्तो देखिने, दृष्टि क्षमता कम हुँदै गएको आभास हुने, धमिलो देखिनेलगायतका लक्षणहरु देखाउन सक्छ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार स्वस्थ्यकर भोजन, नियमित शारीरिक व्यायाम, सुर्तीजन्य पदार्थको सेवन नगरेमा मधुमेहबाट बच्न सकिन्छ र पूर्वरोकथाम पनि गर्न सकिन्छ । मधुमेह रोग विशेषज्ञ डा दीपक मल्लले मधुमेह भएका सबै बिरामीले आँखाको जाँच गराउनै पर्ने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “डायबेटिक रेटिनोपेथीको समस्या आइसकेको छ भने त छ महिनाको अन्तरालमा जाँच गराउनुपर्छ । मधुमेह भएकाले भने वर्षमा एकपटक जाँच गराएकै हुनुपर्छ ।”

तौल घट्नु, प्यास लागिराख्नु, भोक लागिराख्नु, धमिलो देख्नु, पिसाव लागि राख्नुलगायतका समस्या मधुमेहका लक्षणहरु हुन् । डा मल्लका अनुसार यस्ता खालका लक्षण देखिएको छ भने सुगरको जाँच गराउनुपर्छ ।

“ओपिडीमा आउने केही बिरामीहरु आँखा, मिर्गौला तथा खुट्टासम्बन्धी समस्या लिएर आउने हुन्छन् । यो भनेको ढिलो भएको अवस्था हो । त्यसैले नियमित सुगरको जाँच, सुगर नियन्त्रणमा राख्ने र चिकित्सक सल्लाअनुसार समयमा फलोअप गरेमा यी समस्याबाट जोगिन सकिन्छ”, डा मल्ल भन्नुहुन्छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०१९ मा ‘जनसङ्ख्यामा आधारित छनोटमा परेका नसर्ने रोगका भार’ का विषयमा गरेको देशव्यापी अध्ययनले मधुमेहको समस्या आठ दशमलव पाँच प्रतिशतमा रहेको देखाएको छ । करिब १० लाखलाई मधुमेह छ भन्ने यो अध्ययनले आकलन गरेको छ ।

डा थापाका अनुसार मधुमेह भएका करिब एक तिहाइ बिरामीलाई डायबेटिक रेटनोपेथी देखिन्छ जसमा एक तिहाइ बिरामीलाई तुरुन्त उपचार गर्नुपर्छ । उहाँ कुनै व्यक्तिलाई मधुमेह भएको २० वर्षको अवधिमा पहिलो प्रकारको मधुमेह हुने करिब ९९ प्रतिशतलाई नै डायबेटिक रेटिनोपेथी भएको देखिने बताउनुहुन्छ । साथै दोस्रो प्रकारको मधुमेहमा दुई तिहाइ बिरामीमा डायबेटिक रेटिनोपेथी भइसकेको हुन्छ ।

डा थापा भन्नुहुन्छ, “उच्च रक्तचाप, अनियन्त्रित सुगर, रगतमा चिल्लोको मात्रा बढी छ भने मधुमेह भएको २० वर्ष अगाडि डायबेटिक रेटिनोपेथी देखिन सक्छ । धुमपान गर्ने, रक्तअल्पता भएका, गर्भावस्थामा पनि रेटिनोपेथी छिटो देखिन्छ ।”

मधुमेह रोग लागेपछि आँखाको जाँच पनि गराउनुपर्छ भन्ने धेरैलाई जानकारी नभएकाले धेरैजसो ढिलो अस्पताल आइपुग्छन् । तिलगङ्गा आँखा प्रतिष्ठानमा दैनिक एक सय जना ओपिडीमा आउनेमध्ये औसतमा ५० जनामा यस प्रकारका लक्षण देखिने गरेको छ ।

“खास गरेर वैदेशिक रोजगारीमा जाने युवा उमेरका व्यक्तिहरुमा डायबेटिक रेटिनोपेथी अलि ढिलो भइसकेको अवस्थामा आइरहेका छन् । मधुमेह जँचाउने तर आँखा राम्ररी नजँचाउने भएकाले जटिलता निम्तिएको देखिन्छ”, डा थापाले भन्नुभयो ।

यससम्बन्धी जनचेतना जगाउनका निमित्त तिलगङ्गा आँखा प्रतिष्ठानले विगत वर्षभैंm यस वर्ष पनि ‘डायवेटिक रेटिनोपेथी दिवस’ मनाउँदै छ । अस्पतालले यही कात्तिक २३ गतेदेखि २९ गतेसम्म मधुमेह भएका बिरामीलाई निःशुल्क दर्ता सेवा उपलब्ध गराएको छ भने विपन्न बिरामीलाई उपचार खर्चमा छुटको व्यवस्था गरेको जनाएको छ ।

# एकीकृत आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रस्तुत

काठमाडौँ, २८ कात्तिक (रासस) । महालेखा नियन्त्रकको कार्यालयले एकीकृत आन्तरिक लेखा परीक्षण प्रतिवेदन अर्थ मन्त्रालयलाई बुझाएको छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्थाअनुसार अर्थ मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा महालेखा नियन्त्रक विनोदप्रकाश सिंहले उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवेदन बुझाउनु भएको हो ।

केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणअनुसार सङ्घ तथा प्रदेश सरकारको गत आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु रकम रु २१ अर्ब ५१ करोड ९६ लाख छ । जसमा नियमित गर्नुपर्ने बेरुजु रू एक अर्ब १३ करोड ५० लाख, असुल गर्नुपर्ने बेरुजु रू एक अर्ब ९२ करोड ९६ लाख र पेश्की बेरुजु १० अर्ब ४५ करोड ४९ लाख रहेको जनाइएको छ ।

उक्त विवरणअनुसार गत आर्थिक वर्षमा सञ्चित सञ्चित कोष कुल रू दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक छ । “आर्थिक वर्ष २०८०/८१ को सुरूमा सञ्चीय सञ्चित कोष कुल रू एक खर्ब ८१ अर्ब २६ करोड ७३ लाखले ऋणात्मक रहेकोमा यस वर्ष कुल प्राप्ति रू १३ खर्ब ३५ अर्ब ९२ करोड ७४ लाख रहेको र कुल भुक्तानी रू १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख तथा विनिमय दर वा अन्य समायोजन रू १४ अर्ब ४४ करोड २८ लाख भएबाट यस आर्थिक वर्षको सुरूको मौज्दात समेतको समायोजनबाट आर्थिक वर्षको अन्त्यमा सङ्घीय सञ्चित कोष कुल रू दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक रहेको छ”, महालेखा नियन्त्रक कार्यालयले तयार पारेको विवरणमा भनिएको छ ।

गत आवमा सरकारको बजेटरी निकायको नगद तथा बैङ्क मौज्दात रू ८४ अर्ब ७८ करोड ४८ लाख ऋणात्मक रहेको छ । गैर बजेटरी निकायको सोही अवधिको नगद तथा बैङ्क मौज्दात भने रु ७१ अर्ब ८२ करोड ७३ लाख धनात्मक रहेको छ । यसरी गत आर्थिक वर्षमा सरकारको नगद तथा बैङ्क मौज्दात रु १२ अर्ब ९५ करोड ७५ लाखले ऋणात्मक देखिन्छ ।

गत आर्थिक वर्षका लागि सरकारले रू १२ खर्ब ४७ अर्ब ६३ करोड ४२ लाख राजस्व उठाउने लक्ष्य राखेकोमा रू नौ खर्ब ५६ अर्ब २६ करोड ५६ लाख मात्रै सङ्कलन भएको छ । त्यस्तै, सरकारले गत आर्थिक वर्षमा रू १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख बजेट खर्च गर्ने लक्ष्य राखेकोमा रू १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख बराबरको मात्रै खर्च भएको देखिएको छ ।

“कुल खर्च रकममध्ये सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने रकमतर्फ रू तीन खर्ब पाँच अर्ब ६३ करोड १५ लाख खर्च भएको छ भने सङ्घीय सञ्चित कोषबाट विनियोजन हुने व्ययतर्फ सोभैm भुक्तानी बाहेक रू १० खर्ब ४० अर्ब ५८ करोड छ लाख खर्च भएको छ”, केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणमा भनिएको छ ।

सरकारले गत आर्थिक वर्षमा प्रदेश र स्थानीय तहलाई सङ्घीय सञ्चित कोषबाट रू चार खर्ब आठ करोड ७० लाख बजेट हस्तान्तरण गर्ने लक्ष्य राखेकोमा रू तीन खर्ब ३९ अर्ब ४१ करोड ६२ लाख बराबर मात्रै हस्तान्तरण भएको छ । जसमा प्रदेश सरकारलाई रू ७६ अर्ब एक करोड ९९ लाख र स्थानीय तहलाई रू दुई खर्ब ६३ अर्ब ३९ करोड ६२ लाख बराबर हस्तान्तरण देखिन्छ ।

गत आर्थिक वर्षमा सरकारको विभाज्य कोषमा सङ्कलन भएको कुल रकम रू चार खबै १९ अर्ब ६४ करोड ३१ लाख मध्येबाट रू तीन खर्ब ८० अर्ब ८१ करोड ८८ बाँडफाँट भएको र रू ३८ अर्ब ८२ करोड ४३ लाख बाँडफाँट हुन बाँकी रहेको पनि महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

गत आवमा सरकारको कुल रू १८ अर्ब १२ करोड १२ लाख पेश्की बाँकी रहेको पनि उक्त विवरणमा उल्लेख छ । जसमा म्याद ननाघेको पेश्की रू सात अर्ब ६६ करोड ६३ लाख र म्याद नाघेको पेश्की रू १० अर्ब ४५ करोड ४९ लाख रहेको छ ।

गत आर्थिक वर्षमा सरकारले कुल रू तीन खर्ब ६० अर्ब आठ करोड ७५ लाख बराबर ऋण उठाएको देखिन्छ । जसमध्ये वैदेशिक ऋण रू एक खर्ब २५ अर्ब ६६ करोड ६१ लाख र आन्तरिक ऋण रू दुई खर्ब ३४ अर्ब ४२ करोड १४ लाख रहेको छ । त्यस्तै, गत आर्थिक वर्षमा सरकारले सार्वजनिक ऋणको साँवा तिर्नका लागि रू दुई खर्ब २३ अर्ब २७ करोड ९५ लाख खर्च गरेको छ ।

केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणअनुसार गत आर्थिक वर्षमा सरकारबाट रू ४१ अर्ब ७५ करोड ७८ लाख आन्तरिक ऋण लगानी भएको छ । त्यस्तै, सार्वजनिक संस्थानमा रू छ अर्ब ९९ करोड ४३ लाख बराबरको शेयर लगानी भएको तथा वैदेशिक शेयर लगानी रू २१ करोड ६० लाख बराबर रहेको महालेखा नियन्त्रक कार्यालयको विवरणमा उल्लेख छ ।

गत आर्थिक वर्षमा सरकारले वैदेशिक ऋण तथा अनुदानबाट शोधभर्ना लिनुपर्ने करिब रू २४ अर्ब बराबर शोधभर्ना हुन बाँकी रहेको देखिएको छ । “शोधभर्ना हुन बाँकी वैदेशिक ऋण रकम रू १७ अर्ब नौ करोड २१ लाख छ । त्यस्तै वैदेशिक अनुदान तर्फ रू छ अर्ब ७४ करोड पाँच लाखसमेत गरी शोधभर्ना हुन कुल बाँकी रकम रू २३ अर्ब ८३ करोड २६ लाख छ ।

सरकारका बजेटरी निकायसँग रू ९७ अर्ब ८४ लाख र गैर बजेटरी निकायहरूसँग रू १९ अर्ब ९९ करोड ७० लाख रकमको जिन्सी तथा सम्पत्ति रहेको अभिलेख रहेको पनि कार्यालयले जनाएको छ ।

## विश्व समाचार

### किएभमा रूसी क्षेप्यास्त्र आक्रमणको चेतावनीपछि देशभर सावधानी अपनाइँदै

युक्रेन, २८ कात्तिक (रासस/एएफपी) । युक्रेनी राष्ट्रपतिका ‘चिफ अफ स्टाफ’ ले राजधानीमा रूसले मिसाइल आक्रमणको चेतावनी दिएको बताएपछि अधिकारीहरूले देशव्यापी रूपमा सावधानी अपनाउन निर्देशन दिएका छन् ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई उद्धृत गर्दै राष्ट्रपतिका ‘चिफ अफ स्टाफ’ एन्ड्री यर्माकले टेलिग्राममार्फत ‘रूसले किएभमा क्षेप्यास्त्र आक्रमण गरिरहेको’ जनाउनुभएको छ ।

युक्रेनी सेनाले बुधबार यसअघि नै युक्रेनी आकाशमा क्षेप्यास्त्र प्रवेश गरेको र राजधानी किएभतर्फ गइरहेको जानकारी गराएको थियो ।

“सावधान! चेर्निहिभ क्षेत्रबाट मिसाइल किएभ क्षेत्रतर्फ गइरहेको छ,” यर्माकले टेलिग्राममार्फत जारी सूचनामा उल्लेख गरिएको छ ।

रूसको एक हप्ताको निरन्तर आक्रमणपछि मङ्गलबार युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीको गृहनगरमा एक ३२ वर्षीया आमा र उहाँका तीन बच्चाहरूको मृत्युभएको थियो ।

पछिल्लो समयमा मस्को र किएभले एक अर्कालाई लक्षित गरी २४ घण्टा आक्रमणहरू गरिरहेका छन् ।

रूसी क्षेत्र कुर्स्कबाट युक्रेनी सेनालाई निष्कासन गर्न रूसले उत्तर कोरियाली लडाकुसहित करिब ५० हजार सैनिक तयार पारेको जेलेन्स्कीले बताउनुभएको छ ।

### गाजामा भएको इजरायली हमलामा तीनजना प्यालेस्टिनीको मृत्यु

गाजा, २८ कात्तिक (रासस/क्यूएनए) । गाजा सहरको पूर्वमा रहेको सुजयिया र उत्तरी गाजा पट्टीमा गरिएको इजरायली कारबाहीमा बुधबार तीन जना प्यालेस्टिनीको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

गाजाका चिकित्सा स्रोतले गाजा सहरको पूर्वमा रहेको सुजैयामा गरिएको आक्रमणमा दुई प्यालेस्टिनीको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको रिपोर्ट गरेको छ ।

उत्तरी गाजा पट्टीमा भएको इजरायली बम विष्फोटमा अल-तुफाह स्पोर्ट्स क्लबका खेलाडी, इयाद अबु खातेरको पनि मत्यु भएको स्रोतले जनाएको छ ।

यसैबीच, बेत लाहियाको अल-मन्सिया छिमेकमा एक परिवारलाई लक्षित गरेको बम विस्फोटमा धेरै प्यालेस्टिनीहरू घाइते भएका छन् ।

सेनाले गाजा पट्टीको उत्तरमा जबालियामा आवासीय भवनहरू पनि खाली गराएका छन् भने गाजा सहरको उत्तरी क्षेत्रलाई लक्षित गरी छापा मारेको छ ।

सन् २०२३ अक्टोबर देखि गाजा पट्टीमा इजरायली आक्रमणमा परी अहिलेसम्म ४३ हजार ६६५ मानिसको मत्यु हुनुका साथै एक लाख तीन हजार ७६ जना घाइते भएको आपतकालीन र नागरिक सुरक्षा एजेन्सीले जनाएको छ ।

### आन्दोलनका क्रममा लुटिएका ६ हजार बन्दुक बरामद

ढाका, बङ्गलादेश, २८ कात्तिक (रासस/एएफपी) । बङ्गलादेशकी पूर्व नेतृ शेख हसिनालाई सत्ताच्युत गर्ने क्रान्तिपछि सुरक्षा व्यवस्था मजबुत बनाउन बङ्गलादेशको सेनाले दुई हजार ५०० जनालाई पक्राउ गरेको र छ हजार बन्दुक बरामद गरेको जनाएको छ ।

विद्यार्थी नेतृत्वको आन्दोलनको क्रममा भएको घातक हिंसा र व्यापक विरोध प्रदर्शन प्रधानमन्त्री कार्यालयतर्फ बढेपछि तत्कालिन प्रधानमन्त्री हसिना भागेर हेलिकप्टरमा भारत जानुभएको थियो । उहाँले पदबाट राजिनामा दिएको पछि सेना प्रमुखले सार्वजनिक सम्बोधन गर्दै जानकारी गराउनुभएको थियो ।

आन्दोलन र त्यसपछिका प्रदर्शन हिंसात्मक र अराजकत भएका र उक्त क्रममा सुरक्षाकर्मीबाट हजारौं हातहतियार लुटिएका थिए ।

सेप्टेम्बरको सुरुमा समाप्त भएको आममाफीको समयमा तीन हजार ७०० भन्दा बढी हतियारहरू फिर्ता गरिएको थियो भने त्यसपछि सुरक्षाकर्मीले हराएका बन्दुकहरू सङ्कलन गर्ने अभियान नै चलाएको थियो ।

कर्नेल इन्तेखाब हैदर खानले सञ्चारमाध्यमलाई बताएअनुसार अवैध रूपमा राखिएका छ हजार बन्दुक र दुई लाख राउन्ड गोली सङ्कलन गरिएको छ । खानले भन्नुभयो, “हाम्रो खोजी अभियान अझपनि जारी छ ।”

हसिनापछि सत्ता सम्हालेको अन्तरिम सरकारले सशस्त्र बल (सेना) लाई न्यायिक अधिकार प्रदान गर्दै उनीहरूलाई प्रहरीजस्ता दैनिक प्रवर्तन गतिविधिमा संलग्न हुन अनुमति दिएको थियो। खानले भन्नुभयो, “सेना फिर्ता गर्ने विषयमा सरकारका तर्फबाट कुनै निर्देशन आएको छैन ।”

सेनाले अगस्ट यता सैनिक हिरासतमा चार जनाको मृत्यु भएको भन्ने समाचारलाई अस्वीकार गर्दै सेनाले नियमको कडाइका साथ पालना गरिरहेको जनाएको छ ।उहाँले भन्नुभयो, “कुनै गुनासो आएमा आवश्यक कारबाही गर्छौं ।”

# 'वीरगञ्ज क्रिकेट मैदानको मुआब्जा विवाद समाधान गरिने'



पर्सा, २८ कात्तिक (रासस) ।
मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले वीरगञ्ज क्रिकेट मैदानको मुआब्जा सम्बन्धी विवाद छिट्टै टुङ्गो लगाउने बताउनुभएको छ ।

नारायणी रङ्गशाला परिसरमा रहेको उक्त मैदान निरीक्षण गर्दै बुधबार उहाँले वर्षौंदेखिको मुआब्जा विवाद आफ्नै कार्यकालभित्र टुङ्गो लगाउने प्रतिबद्धता जनाउनुभएको हो ।

"बुधबारै म काठमाडौँ जाँदैछु, सङ्घीय युवा तथा खेलकुदमन्त्रीसँग भेटेरै मुआब्जा विवाद सम्बन्धी फाइल अर्थ मन्त्रालय पठाउन आवश्यक पहलकदमी गर्नेछु", उहाँले भन्नुभयो, "राज्यको न्यून लगानीको बाबजुद पनि खेलाडीले मेहनत गरिरहनुभएको छ । खेलाडीको प्रोत्साहनका लागि प्रदेश सरकारले पनि हातेमालो गरेर अघि बढ्न चाहान्छ ।"

उहाँले प्रदेश सरकारसँग सीमित स्रोतसाधन भएकाले पर्याप्त बजेट विनियोजन गर्न नसकेको बताउनुभयो । "प्रदेश सरकारले क्रिकेट मैदानका लागि थोरै बजेट विनियोजन गरेको छ । सो बजेट पर्याप्त छैन । यद्यपि आगामी आवको बजेटमा थप गर्नेछौं", उहाँले भन्नुभयो ।

क्रिकेट संघ पर्साका अध्यक्ष मनिष सिंहले मुआब्जा विवादका कारण क्रिकेट मैदानलाई तारजालीले घेराबेरा गर्न समेत नसकेको गुनासो गर्नुभयो । "करिब चार कट्ठा जग्गाको मुआब्जा विवाद टुङ्गो नलाग्दा मैदान संरक्षणको काम गर्न समस्या भइरहेको छ", उहाँले भन्नुभयो, "हालसालै वीरगञ्ज क्रिकेट मैदानको 'पिच'लाई स्तरोन्नति गरी खेल्न मिल्ने बनाइसकेका छौं ।"

# १५ दिनभित्र पनि बक्यौता नउठे प्रक्रियाअनुसार प्राधिकरण अघि बढ्छ : कार्यकारी निर्देशक घिसिङ

काठमाडौँ, २८ कात्तिक (रासस) ।
नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जनतालाई अध्यारामा राखेर उद्योगीलाई दिइएको बिजुलीको बक्यौता कानुनबमोजिम उठाइने बताउनुभएको छ । प्राधिकरणको केन्द्रीय कार्यालयमा बुधबार आयोजित पत्रकार सम्मेलनमा उहाँले अबको १५ दिनभित्र पनि बक्यौता नउठे प्रक्रियाअनुसार अघि बढ्ने स्पष्ट पार्नुभयो ।

"मन्त्रिपरिषद्को निर्देशनअनुसार बक्यौता नतिरेका उद्योगीको लाइन जोडिएको छ, अब उद्योगीहरुले बक्यौता बुझाउनुपर्छ, फेरि पनि आलटाल गरे प्रक्रियाअनुसार अघि बढ्छौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "यसबीचमा बक्यौता उठाउन सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलगायत सबैले सहयोग गर्नुपर्छ ।"

प्राधिकणले बक्यौता बुझाउनका लागि उद्योगीलाई किस्ताबन्दीको सुविधा दिएको भए पनि उद्योगीहरुले त्यसको सदुपयोग नगरेको जानकारी दिँदै उहाँले अबको १५ दिनभित्र बक्यौता नबुझाए यो विषय सरकार, ऊर्जा मन्त्रालय र प्राधिकरणको सरोकार मात्रै नभई जनसरोकारको विषय बन्ने स्पष्ट पार्नुभयो । "लाइन काट्ने, पुनः जोड्ने तर बक्यौता नउठ्ने विषय अब रहन हुँदैन, बक्यौतासम्बन्धी समस्या समाधानको चरणमा पुगेको अवस्थामा प्राधिकरणले सरकारको निर्देशन मानेको हो", उहाँले भन्नुभयो ।

प्राधिकरणबाट डेडिकेटेड र ट्रङ्क लाइन सुविधा लिएकामध्ये २८ बाहेक अन्य उद्योगीले नियमित महसुल तिरिरहेको जानकारी दिँदै कार्यकारी निर्देशक घिसिङले ठूला घरानाका उद्योगले महसुल नतिर्दा ग्राहकले पनि शुल्क तिर्न गाह्रो मानिरहेको बताउनुभयो ।

ठूलो मात्रामा रहेको बक्यौता समयमै नउठे प्राधिकरणको वित्तीय अवस्था नै खराब हुनसक्ने खतरा औँल्याउँदै उहाँले भन्नुभयो, "ठूला औद्योगिक घरानाको लाइन जोड्दै जाने, तर न्यूनतम शुल्क तिर्न नसक्नेको लाइन काट्दै जाँदा महसुल सङ्कलन घट्दै गएको छ, यो चिन्ताको विषय हो ।" बक्यौता नउठ्दा उत्पादन र प्रसारणलाइन निर्माण तथा नगद प्रवाहमै ठूलो समस्या आउन सक्ने उहाँको अनुमान छ ।

प्राधिकरणले खपत अनुसारको बिल उद्योगलाई दिएको स्पष्ट पार्दै कार्यकारी निर्देशकले अहिले प्रिमियम शुल्क मात्रै उठाउन खोजिएको जानकारी दिनुभयो । विद्युत् नियमन आयोग बाहेक अन्यले बिल ठिक होइन भन्न नमिल्ने जनाउँदै उहाँले बिलमा चित्त नबुझे सम्बन्धित निकायमा जान उद्योगीलाई बाटो खुला रहेको बताउनुभयो ।

प्राधिकरणको खरिद प्रक्रिया र उपकरण मौज्दातको विषयमा गरिएका टिकाटिप्पणीको खण्डन गर्दै कार्यकारी निर्देशक घिसिङले प्रचलित कानुनअनुसार नै खरिद प्रक्रिया अघि बढाइएको स्पष्ट पार्नुभयो । "कुन सामग्री कति मौज्दात राख्ने भन्ने परियोजनाअनुसार हुन्छ, हामीले अत्यन्तै थोरै परिमाणमा मात्रै मौज्दात राखेका छौँ", उहाँले भन्नुभयो, "माग भएपछि उपकरण खरिद गर्ने भन्ने हो भने समयमै मागअनुसार उपलब्ध गराउन सकिँदैन ।"

# प्रहरीले कांग्रेस उपसभापति गुरुङसँग लियो बयान

**दैनिक समाचारदाता**
**काठमाडौं २८ कात्तिक ।**

प्रहरीले मितेरी सहकारीमा बचतकर्ताको रकम अनियमितता भएको प्रकरणमा नेपाली कांग्रेस उपसभापति धनराज गुरुङसँग बुधबार सोधपुछ गरेको छ ।

लाजिम्पाटस्थित केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबीको कार्यालय बोलाएर गुरुङसँग घटनाबारे सोधपुछ गरेर कागज गराइएको सीआईबीका एक अधिकृतले अनलाइनखबरसँग बताए । उनीसँग सहकारी ठगीबारे अनुसन्धान गरिरहेको टोलीले दिउँसो १२ देखि ५ बजेसम्म सोधपुछ गरेको प्रहरीले जनाएको छ ।

प्रहरीले गुरुङलाई अनुसन्धानको दायरामा नल्याएको भन्दै आलोचना हुँदै आएको थियो । गुरुङविरुद्धको किटानी जाहेरी समेत प्रहरीले लिन नमानेको आरोप थियो । यो घटनामा गुरुङ पत्नी ज्योतिविरुद्ध अन्तर्राष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) मा रेड नोटिस जारी भएको छ ।

उनी संस्थामा महाप्रबन्धक रहेका बेला बचतकर्ताबाट संकलित १२ करोड ५० लाख रुपैयाँ रकम हिनामिना भएको आरोप छ । अहिले त्यो रकम ब्याजसमेत गरेर १४ करोड ८१ लाख रुपैयाँ प्रहरीको भनाइ छ ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढारहौं ।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश


### छिन्नमस्ता ...

लेखीएको ब्यानर पढेर घोषणा सभाको उद्घाटन गरे ।

बालविवाहले निम्त्याउने स्वास्थ्य, पारिवारिक, सामाजिक तथा आर्थिक समस्या बारे चर्चा गर्दै यसलाई रोक्न सबैले आ-आफ्नो टोल र समुदायमा सक्रिय रहनु पर्नेमा उनले जोड दिए ।

सेभ द सप्तरीका अध्यक्ष ध्रुब देवले बालविवाह मुक्त वडाको रुपमा पहिचान बनाउन सफल भएकोमा वडावासीलाई बधाई दिँदै यसलाई कायम राख्न सबै पक्षको सहयोग र सक्रियता उत्तिकै अपरिहार्य रहेको बताए ।

सेभ द सप्तरीका परियोजना संयोजक विष्णुकान्त देवका अनुसार उक्त वडामा बसोवास गर्दै आएका विभिन्न समुदायका प्रतिनिधि, अगुवा, पुरोहित, मौलाना, मायनजन लगायतले वडामा बालविवाह हुन नदिने प्रतिबद्धता समेत जनाएका छन् । नेपालको कानुनले विवाह गर्ने उपयुक्त उमेर २० वर्षलाई तोकेको छ ।

बालविवाह मुक्त वडा घोषणा गर्न सेभ द सप्तरी, सेभ द चिल्ड्रेन, गाउँपालिका र वडा कार्यालयद्वारा बालविवाह मुक्त अभियान संचालन निर्देशिका २०८० बमोजिम गरिएका विभिन्न कार्यक्रम, अभियान र प्रयास पश्चात् १२ बुँदे स्पष्ट सूचक प्राप्त भएकाले त्यसैकै आधारमा यस्तो घोषणा गरिएको वडाअध्यक्ष सुर्यनारायण यादवले बताए ।

सोही कार्यक्रममा अभिभावकले सन्तानको उमेर नपुगि बालविवाह नगर्ने, नगराउने, कतै भए भोजभतेरमा सामेल नहुने, अवरोध पुर्‍याउने प्रतिवद्धता समेत जनाएका छन् ।

कार्यक्रममा छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष राजुदेवी यादव, सल्लाहकार तेजनारायण यादव, सेभ द सप्तरीका फिल्ड अधिकृत मुकेशकुमार मण्डल लगायत विभिन्न व्यक्तित्वहरुले शुभकामना दिएका थिए ।

### तीन दिनमा ...

थियो । जसबाट ३ लाख ३१ हजार ८ सय ६१ रुपैया जरिवाना तथा ४ वर्ष २ महिना ११ दिन कैद भुक्तानका लागी कारागार चलान गरिएको थियो ।

यस बाहेक प्रहरीको फरार सूचिमा अहिले ३ हजारको हाराहारीमा अभियुक्त रहेका छन् । जसको खोजी कार्य तिब्र बनाइएको प्रहरीको भनाई छ । फरार अभियुक्त पक्राउ गरी फैसला कार्यान्वयन गर्दा प्रहरीले राजश्व रकम समेत बढाएको छ ।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**
महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**
१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**
मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविबाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सखडा, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*